“मोमिन पुरुष र मोमिन महिलामाथि—उनका जीवन, सन्तान र धनसम्पत्तिमा—निरन्तर विपत्तिहरू (परीक्षाहरू) आउने गर्छन्, यहाँसम्म कि मृत्यु पश्चात् जब उनीहरू अल्लाहसँग भेट गर्छन्, तब उनीहरूको जिम्मामा कुनै पनि पाप बाँकी रहँदैन।”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “मोमिन पुरुष र मोमिन महिलामाथि—उनका जीवन, सन्तान र धनसम्पत्तिमा—निरन्तर विपत्तिहरू (परीक्षाहरू) आउने गर्छन्, यहाँसम्म कि मृत्यु पश्चात् जब उनीहरू अल्लाहसँग भेट गर्छन्, तब उनीहरूको जिम्मामा कुनै पनि पाप बाँकी रहँदैन।”
[हसन] [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ कि जीवनका परीक्षाहरू र कष्टहरूले आस्थावान मानिसलाई सधैं घेरीरहन्छन्। उसको परीक्षा कहिले स्वास्थ्य र शरीरमा, कहिले सन्तानमा (रोग, मृत्यु, आवज्ञाकारी सन्तान वा अन्य कठिनाइद्वारा) त कहिले सम्पत्तिमा (गरिबी, नोक्सानी वा जीविकाको अभावद्वारा) लिइन्छ। यी कष्टहरूले उसका सम्पूर्ण पापहरू मेटिदिन्छन्, र जब (मृत्युपछि) ऊ अल्लाहसँग भेट्छ, ऊ पापबाट पूर्णतया शुद्ध भइसकेको हुन्छ।

http://sunnah.global/hadeeth/ne/show/3159